नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास
सिंहदरवार, काठमाण्डौं

# पोषण पाठशाला सञ्चालन कार्यविधि, २०७७

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

हरिहरभवन, ललितपुर

# पोषण पाठशाला सञ्चालन कार्यविधि, २०७७

स्वीकृत मितिः २०७७/०६/२६

**प्रस्तावनाः** खाद्य तथा पोषण सुरक्षाका दृष्टिकोणले सम्वेदनशील समूह जस्तै गर्भवती, सुत्केरी, किशोरी, प्रजनन् उमेरका महिला, दुई वर्षसम्मका बालबालिकाहरुको खानपानमा सुधार ल्याउन खाद्य वस्तुको उपभोगमा विविधिकरण ल्याई पोषण सम्बन्धी व्यावहारिक ज्ञान र सीप प्रदान गरी पोषण अवस्था सुधार गर्ने अभिप्रायले आयोजना दस्तावेज **(PAD)** र स्वीकृत आयोजना कार्यान्वयन म्यानुअल **(PIM)** मा व्यवस्था भए बमोजिम पोषण पाठशाला कार्यक्रम सचालन गर्न यो **"पोषण पाठशाला सञ्चालन कार्यविधि, २०७७"** तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम **"पोषण पाठशाला सञ्चालन कार्यविधि,२०७७"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. <u>परिभाषाः</u> (१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"आयोजना"** भन्नाले खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनालाई सम्झनु पर्दछ ।

(ख) **"आयोजना व्यवस्थापन इकाई"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत स्थापना भएको आयोजनाको केन्द्रीय कार्यालयलाई सम्झनुपर्छ ।

(ग) **"आयोजना क्लष्टर इकाई"** भन्नाले आयोजना लागु भएका जिल्लाहरूमा कार्यक्रम सञ्चालन गर्न आयोजना व्यवस्थापन इकाई अन्तर्गत स्थापना भएका आयोजना क्लष्टर इकाईहरूलाई सम्झनु पर्दछ।

(घ) **"आयोजना निर्देशक समिति"** भन्नाले यस आयोजनाको आयोजना निर्देशक समितिलाई सम्झनु पर्दछ।

(ङ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्दछ ।

(च) **"जलवायु तथा पोषण मैत्री प्रविधि"** भन्नाले आयोजनाले प्रवर्द्धन गर्ने हरितगृह ग्यासको उत्सर्जन न्यूनीकरण वा जलवायु परिवर्तनको असर न्यूनीकरण वा अनुकूलन र पोषण सुरक्षा प्रवर्द्धन गर्न तथा खाद्य स्वच्छतामा सुधार ल्याउन योगदान पुर्याउने प्रविधिहरूलाई सम्झनुपर्छ।



सचिव

(छ) **"आमा समूह"** भन्नाले गाउँपालिका वा अन्तर्गतको स्वास्थ्य संस्थामा दर्ता भएका आमा/पोषण समूहहरू लाई सम्झनु पर्दछ ।

(ज) **"पोषण पाठशाला"** भन्नाले आमा/पोषण समूहका सदस्यहरुले सामूहिक रूपमा खोजपूर्ण सिकाईका तरिकाहरुद्वारा पोषणयुक्त खानपान तथा व्यवहार अबलम्बन बारेमा व्यावहारिक ज्ञान र सीप आर्जन गर्ने थलोलाई सम्झनु पर्दछ ।

(झ) **"म्यानुअल"** भन्नाले पोषण पाठशाला सञ्चालनका तरिका तथा विधि विस्तृत रूपमा उल्लेख गरी आयोजनाद्वारा तयार गरिएको "पोषण पाठशाला सञ्चालन सहजिकरण पुस्तिका-२०७७" लाई सम्झनु पर्दछ ।

(ञ) **"लाभग्राही"** भन्नाले आयोजनाबाट सेवा प्राप्त गर्ने आमा/पोषण समूहका सदस्यहरूलाई सम्झनु पर्दछ ।

(ट) **"सहजकर्ता"** भन्नाले पोषण पाठशालालाई व्यवस्थित एवं प्रभावकारी रूपमा सिक्ने सिकाउने कार्यलाई सहजिकरण गर्ने आयोजनाबाट पोषण पाठशाला प्रशिक्षक तालिम प्राप्त दक्ष व्यक्तिलाई सम्झनु पर्दछ ।

(ठ) **"सेवा प्रदायक"** भन्नाले प्राविधिक सहायता अन्तर्गत सेवा प्रदायक संस्थाहरूबाट गाँउपालिकामा खटाईएका कर्मचारी सम्झनु पर्दछ ।

(ड) **"अनुगमन तथा मूल्याङ्कन अधिकृत"** भन्नाले प्राविधिक सहायता अन्तर्गत आयोजना क्लष्टर इकाईमा खटाइएको अनुगमन तथा मूल्याङ्कन अधिकृतलाई सम्झनु पर्दछ ।

३. <u>उद्देश्य:</u> (१) यस कार्यविधिका देहाय बमोजिमका उद्देश्यहरू रहेका छन्

(क) पोषण पाठशालामा सहभागी आमा/पोषण समूहका सदस्यहरूको सहभागितात्मक विधिबाट पोषण सम्बन्धी ज्ञान र सीप अभिवृद्धि गराउनु।

(ख) स्वच्छ तथा पोषणयुक्त रैथाने खाद्य वस्तुको उपभोगमा जोड दिई खाद्य तथा पोषण सुरक्षाका दृष्टिकोणले सम्वेदशील समूहको दैनिक खानपानमा विविधता र पोषण अवस्थामा सुधार ल्याउन टेवा पुऱ्याउनु ।

४. <u>कार्यक्रम विवरण:</u> (१) यो कार्यक्रम आयोजना लागु भएका आठ जिल्लाका १६ गाउँपालिकाहरू कार्यक्षेत्र हुने गरी सञ्चालन गरिनेछ ।

(२) खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट रैथाने तथा स्थानिय खाद्यवस्तुहरुको पोषण गुणस्तर मूल्याङ्कन र खाद्य परिकारको पोषक तत्वको विश्लेषणका आधारमा सिफारिस गरिएका खाद्य परिकारहरु खानपानमा समावेश गर्न प्रेरित गरिनेछ ।

सचिव

## परिच्छेद -२

## कार्यक्रम सञ्चालन प्रक्रिया

**५. <u>लक्षित वर्ग तथा समूह गठनः</u>** (१) यो कार्यक्रम खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणले जोखिम तथा संवेदनशील वर्ग जस्तै भूकम्प र बाढी पीडित, खाद्य असुरक्षित, दलित र पिछडिएका, आदिबासी, महिला र विस्थापित समुदायलाई लक्षित गरिनेछ ।

(२) आयोजना क्लष्टर इकाईले गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति लगायतका सरोकारवालाहरुको समन्वयमा आयोजना लाभग्राही छनौट सर्वेक्षणबाट छनौट भएका लाभग्राहीहरु मध्ये उपदफा (३) बमोजिमका आधार समेत ल्याई मध्यनजर गरी आमा/पोषण समूह गठन/पुनर्गठन गर्नु पर्नेछ ।

(३) (क) खाद्य वस्तुको उत्पादन तथा उपभोगमा विविधतापूर्ण ल्याउन इच्छुक किशोरी, प्रजनन उमेरका महिला, सुनौला हजार दिनका आमा तथा अभिभावकहरु ।

(ख) पाठशाला अवधिभर पाठशालाको नियमानुसार नियमित रुपमा पाठशालामा सकृय रुपले भाग लिन सक्ने आमा सदस्यहरु ।

(४) उपदफा (२) बमोजिम गठित आमा समूह सम्बन्धित गाउँपालिका वा अन्तर्गतको स्वास्थ्य संस्थामा दर्ता गर्नु पर्नेछ । आमा/पोषण समूहलाई समूह परिचालन तथा आयोजना बारे अभिमुखीकरणका साथै अनिवार्य रूपमा आमा समूहको नाममा बैंक खाता खोल्न लगाइनेछ ।

**६. <u>सहजकर्ता तयारी तथा छनौटः</u>** (१) आयोजनाबाट पोषण पाठशाला सम्बन्धी स्वीकृत पाठ्यक्रम तथा म्यानुअल अनुसार आधारभूत प्रशिक्षक तालिम लिएका सहजकर्ताबाट पोषण पाठशाला सञ्चालन गरिनेछ ।

(२) आयोजना क्लष्टर इकाईले पोषण पाठशाला सञ्चालन गर्न प्रति पाठशाला दुईजनाका दरले उपदफा (१) बमोजिम तालिम प्राप्त सहजकर्ताहरुको व्यवस्थापन गर्नु पर्नेछ जसमध्ये १ जना मुख्य सहजकर्ता र अर्को १ जना सहयोगी वा सहायक सहजकर्ता तोक्नु पर्नेछ ।

**७. <u>पाठशाला सञ्चालनको तयारीः</u>** (१) आयोजना क्लष्टर इकाईले सेवा प्रदायक मार्फत सम्बन्धित आमा समूह र सहजकर्ता बीच समन्वय गराउनु पर्नेछ ।

(२) दफा ६ बमोजिम तोकिने सहजकर्तालाई आयोजना क्लष्टर इकाईले पोषण पाठशाला सञ्चालनको कार्यक्रम सञ्चालन पूर्व अधिकतम ५० प्रतिशत पेश्की रकम उपलब्ध गराउन सक्नेछ र बाँकी रकम कार्य सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी हुनेछ ।

(३) उपदफा (२) बमोजिम पोषण पाठशाला सञ्चालनका लागि करारनामा गराई रकम उपलब्ध गराउनु पर्नेछ ।



सचिव

(४) एउटा पोषण पाठशालाको अवधिमा १ जना सहजकर्ताले बढीमा ५ वटा मात्र पोषण पाठशाला सञ्चालन गर्न पाउनेछ । आमा/पोषण समूहले निर्धारण गरेको महिनाको कुनै १ दिन तय गरी आयोजनाको म्यानुअलमा उल्लेख गरिएको कार्यतालिका अनुसार सहजकर्ताले अध्ययन, परिक्षण तथा तालिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(५) म्यानुअलमा उल्लेख भए अनुसार आमा समूहमा व्यवस्थित तरिकाले पाठशाला सञ्चालन गर्नका लागि तोकिएका सहजकर्ताहरूले तयारी बैठकहरू सञ्चालन गर्नु पर्नेछ ।

८. <u>तालिम सञ्चालन:</u> (१) आमा समूहमा दफा ७ बमोजिम पाठशाला सञ्चालनको तयारी पुरा भएपछि सामान्यतया महिनाको १ दिन गर्ने गरी तोकिएको पोषण पाठशाला अवधिभरको तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) पाठशालाहरू स्थलगत अध्ययन र सहभागितात्मक एवं अन्तर्क्रियात्मक सिकाई (Experiential Learning) मा आधारित हुनु पर्नेछ ।

(३) पाठशालामा सञ्चालन गरिने परिक्षण तथा प्रदर्शनहरुमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट हालसालै सिफारिस भएका वा सिफारिस योग्य नयाँ प्रविधिहरूको प्रयोग गरिनेछ ।

(४) प्रत्येक पोषण पाठशालामा तुलनात्मक र आवश्यकता अनुसार सहायक/सहयोगी अध्ययनहरु सञ्चालन गर्नु पर्नेछ।

(५) तालिम कार्यक्रम सञ्चालनका लागि आयोजनाको म्यानुअलमा उल्लेख गरिए अनुसार सहजकर्ताले कक्षा सञ्चालन गर्नु पर्नेछ ।

९. <u>पोषण दिवस सञ्चालन:</u> (१) पोषण समूहमा दफा ८ बमोजिम कक्षा सञ्चालन पछी वा कक्षा अवधिमा आयोजनाको म्यानुअलमा उल्लेख गरिए अनुसार पोषण दिवस सञ्चालन गर्नु पर्नेछ ।

(२) पाठशालाका मुख्य सिकाईहरू समुदायमा फैलाउन सकिने गरी पोषण दिवस सञ्चालन गर्नु पर्नेछ।

## परिच्छेद -३

## अनुगमन तथा मूल्याङ्कन

१०. <u>अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था:</u> (१) पोषण पाठशाला सञ्चालन सम्बन्धी विस्तृत कार्य प्रगति प्रतिवेदन सम्बन्धित पाठशाला सहजकर्ताले पाठशाला समाप्त भएको दुई हप्ता भित्र आयोजना क्लष्टर इकाईमा पेश गर्नु पर्नेछ । कार्य प्रगति प्रतिवेदनको ढाँचा आयोजनाको म्यानुअलमा उल्लेख भए अनुसार हुनेछ ।



सचिव

(२) उपदफा (१) बमोजिम विस्तृत कार्य प्रगति प्रतिवेदन तयार गर्न सम्बन्धित गाउँपालिकामा कार्यरत आयोजनाका सेवा प्रदायकहरूले सहयोग गर्ने र सो को प्रगति प्रतिवेदन अनुगमन तथा मूल्याङ्कन अधिकृतले सङ्कलन गरी मासिक, चौमासिक र वार्षिक रूपमा आयोजना क्लष्टर इकाईमा पेश गर्नु पर्नेछ ।

(३) यस कार्यविधि अनुसार सञ्चालन गरिएका कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना क्लष्टर इकाईको हुनेछ । साथै आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका वा अन्य निकायसँग समन्वय गरी संयुक्त अनुगमन गर्न सकिनेछ ।

(४) कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन मासिक, चौमासिक र वार्षिक रूपमा आयोजना क्लष्टर इकाईले आयोजना व्यवस्थापन इकाईमा पठाउनु पर्नेछ ।

## परिच्छेद -४
## विविध

११. <u>आर्थिक पक्षः</u> (१) यस कार्यविधि अन्तर्गत सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरुको आर्थिक पक्ष आयोजना कार्यान्वयन म्यानुअल **(PIM)** को अनुसुची **5.1 II** मा व्यवस्था भए बमोजिम हुनेछ। कार्यक्रम खर्चको भुक्तानी कार्यप्रगतिका आधारमा तोकिएका पाठशाला सहजकर्ताको बैङ्क खाता मार्फत गर्नुपर्नेछ।

१२. <u>गुनासो तथा उजुरीः</u> (१) यस कार्यक्रम सञ्चालनसँग सम्बन्धित कुनै किसिमका उजुरी वा गुनासोहरू आयोजनाको गुनासो व्यवस्थापन कार्यविधि, २०७६ अनुसार व्यवस्थापन गरिनेछ ।

१३. <u>अमान्य हुने</u> (१) यस कार्यविधिमा उल्लेख भएका कुरा प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

१४. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरू सोही अनुसार हुने र उल्लेख नभएका विषयहरूको हकमा विद्यमान प्रचलित ऐन, कानुन, नियम बमोजिम हुनेछन् ।

१५. <u>बाधा अड्काउ फुकाउनेः</u> (१) यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा आयोजना निर्देशक समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१६. <u>खारेजी तथा संशोधनः</u> (१) आयोजना निर्देशक समितिले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन तथा खारेजी गर्न सक्नेछ ।

सचिव